# धनकुटा नगरपालिका

# स्थानीय राजपत्र

## धनकुटा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४) मिति २०८० चैत्र २९ गते (संख्या १२

# भाग १

## धनकुटा नगरपालिकाको पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

प्रस्तावनाः

धनकुटा नगरपालिकाको प्राकृतिक र परम्परागत कला तथा सांस्कृतिक सम्पदालाई पर्यटन क्षेत्रमा प्रचार, प्रसार र प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकासमा नवीनता थप गर्न र पर्यटन व्यवसायलाई सुरक्षित, भरपर्दो र

विश्वसनीय बनाउँदै पर्यटनको माध्यमबाट नगरपालिकामा दीगो रोजगारीको अवसर सिर्जना गर्न पर्यटन सूचना केन्द्रको स्थापना र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

धनकुटा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "धनकुटा नगरपालिकाको पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(१) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रमुख" भन्नाले धनकुटा नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) "उपप्रमुख"भन्नाले धनकुटा नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(ग) "पर्यटन सूचना केन्द्र" भन्नाले नगरपालिकाले स्थापना गरेका पर्यटन सूचना केन्द्रलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले धनकुटा नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "आर्थिक विकास शाखा" भन्नाले धनकुटा नगरपालिकाको आर्थिक विकास शाखालाई सम्झनु पर्छ ।

(ज) "विशिष्टकृत संस्था" भन्नाले पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनको क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।

(झ) "समिति"भन्नाले दफा ६ वमोजिमको संचालक समिति सम्झनु पर्छ ।

(ञ) "स्थानीय संस्था" भन्नाले नगरपालिका भित्र कार्यक्षेत्र रहने गरी दर्ता भएका गैरसरकारी संस्थालाई सम्झनु पर्छ ।

(ट) "कार्यालय" भन्नाले धनकुटा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद ३

## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछः

(क) पर्यटकलाई भ्रमण क्षेत्रको बारेमा पूर्व जानकारी गराउने,

(ख) पर्यटन क्षेत्रलाई सुरक्षित बनाउन समन्वय गर्ने,

(ग) पर्यटन क्षेत्रमा रोजगारीका नयाँ सम्भावनाको खोजी गर्ने,

(घ) पर्यटनलाई आय आर्जन क्षेत्रको रूपमा स्थापित गर्ने,

(ङ) पर्यटन सूचना केन्द्रलाई पर्यटन सम्वन्धी अध्ययन अनुसन्धान केन्द्रको रूपमा स्थापित गर्ने,

(च) पर्यटन क्षेत्रको दिगो विकास गर्न सहयोग पुऱ्याउने,

(छ) अन्तर्राष्ट्रिय क्षेत्रमा धनकुटा नगरपालिकाका पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा सहयोग पुऱ्याउने ।

## परिच्छेद २

## पर्यटन सूचना केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन

४. पर्यटन सूचना केन्द्रको स्थापनाः (१) नगरपालिका भित्रको समग्र पर्यटनलाई प्रवर्द्धन र व्यवस्थापन गर्ने उद्देश्यले पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ ।

(२) पर्यटन सूचना केन्द्रको कार्यालय नगरपालिकाले तोकेको स्थानमा रहनेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको पर्यटन सूचना केन्द्र संचालनको लागि आवश्यक पर्ने भौतिक तथा मानवीय स्रोतको व्यवस्थापन नगरपालिकाको कार्यालयले गर्नेछ ।

५. पर्यटन सूचना केन्द्रको संचालनः (१) पर्यटन सूचना केन्द्रलाई व्यवस्थापकीय मूल्य मान्यताको आधारमा व्यवस्थापकीय सीप र पारदर्शिता कायम गरी संचालन गरिनेछ।

(२) पर्यटन सूचना केन्द्रको संचालन नगरपालिका आफैं वा पर्यटनसँग सम्बन्धित काम गर्ने स्थानीय संस्था वा विशिष्टकृत संस्थासँगको साझेदारी र सहकार्यमा सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम साझेदारी र सहकार्यमा सञ्चालन गर्दा नगरपालिकाले निर्धारण गरेको सेवाका शर्त तथा सुविधा समावेश गरी गर्नु पर्नेछ ।

६. संचालक समिति सम्बन्धी व्यवस्थाः (१) पर्यटन सूचना केन्द्र संचालनको लागि देहाय वमोजिमको एक संचालन समिति रहनेछः

(क) नगरपालिकाको प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाको उप प्रमुख - सदस्य

(ग) सूचना केन्द्र रहने वडाको वडा अध्यक्ष - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) प्रमुखबाट मनोनित पर्यटन क्षेत्रसँग सम्बन्धित १ महिला सहित २ जना - सदस्य

(च) आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुने एवम् निज पुनः मनोनित हुन सक्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सो क्षेत्रको विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिको सदस्य सचिवले समितिको बैठकको विषयसूची सहित बैठक बस्ने सूचना सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(८) समितिको बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. समितिको काम, कर्तव्य र अधिकारः दफा ६ को उपदफा (१) वमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) पर्यटन सूचना केन्द्र संचालन सम्वन्धी नीति, योजना, कार्यक्रम र वजेटको निर्धारण र स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ख) पर्यटन सूचना केन्द्र संचालनको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(ग) पर्यटन सूचना केन्द्र मार्फत संचालन हुने कार्यक्रमको निर्धारण र स्रोतको व्यवस्थापन गर्ने,

(घ) पर्यटन सूचना केन्द्रको उद्देश्य पुरा गर्नको लागि वाह्य स्रोतको परिचालन गर्ने,

(ङ) पर्यटन सूचना केन्द्र मार्फत संचालन गरिने पर्यटकिय गतिविधिको वार्षिक कार्ययोजना स्वीकृतीका लागि नगर कार्यपालिका समक्ष पेश गर्ने,

(च) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सुदृढीकरण गर्दै नयाँ ग्रामीण पर्यटकीय स्थलहरूको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरू संचालन गर्न स्थानीय ग्रामीण समुदायलाई उत्प्रेरित गर्ने,

(छ) पर्यटन व्यवसायको स्थापना, विकास, विस्तार, प्रवर्द्धन गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा/सुविधा विस्तार, जनशक्ति विकास र पर्यटकीय स्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्यका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने,

(ज) पर्यटकलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायसँग समन्वय गर्ने,

(झ) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्नको लागि निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने/ गराउने,

(ञ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने/गराउने,

(ट) जनचेतनाको लागि विभिन्न तहमा प्रचार, प्रसारका कार्यक्रमहरू गर्ने/गराउने,

(ठ) पर्यटन व्यवसायमा संलग्न व्यक्तिहरूको क्षमता विकासका कार्यक्रम संचालन गर्ने/गराउने,

(ड) पर्यटन व्यवसायी, ट्रेकिङ्ग गाइड, ट्रेकिङ्ग एजेन्सीको रोष्टर तयार गर्ने, अधावधिक गर्ने, गराउने,

(ढ) पर्यटन सूचना केन्द्रलाई गुणस्तरीय, विश्वासनीय केन्द्रको रूपमा विकसित गरी पर्यटनसँग सम्वन्धित अध्ययन, अनुसन्धान केन्द्रको रूपमा विकास गर्न पहल गर्ने,

८. कोष स्थापनाः (१) पर्यटन सूचना केन्द्र संचालनको लागि वित्तीय व्यवस्थापन गर्न एक कोषको स्थापना गरिनेछ । (२) उक्त कोषमा देहाय बमोजिमका रकम रहनेछन् ।

(क) नगरपालिकाबाट प्राप्त रकम,

(ख) नेपाल सरकारवाट प्राप्त अनुदानको रकम,

(ग) प्रदेश सरकारवाट प्राप्त अनुदानको रकम,

(घ) पर्यटन वोर्डवाट प्राप्त अनुदानको रकम,

(ङ) गैरआवासीय नेपाली, अन्तराष्ट्रिय संघसंस्था र दाताहरूवाट प्राप्त रकम,

(च) कोषको आफ्नै आम्दानीवाट प्राप्त रकम,

(छ) व्यवस्थापन तथा सेवाशुल्क वापत प्राप्त रकम,

(ज) पर्यटन र संस्कृतिसँग आवद्ध संस्थाहरूवाट प्राप्त रकम,

(झ) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था, सामुदायिक संस्थावाट प्राप्त रकम,

(ट) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) नगरपालिकाले पर्यटन सूचना केन्द्रको संचालन गर्दा कोषको दिगो व्यवस्थापन र परिचालनमा ध्यान दिनेछ

(३) कोषमा प्राप्त रकम वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

(४) कोषको खाता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट संचालन गरिनेछ ।

(५) कोषको रकमको आन्तरिक लेखा परिक्षण नगरपालिकावाट हुनेछ भने अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ ।

९. सेवा शुल्क सम्बन्धी व्यवस्थाः पर्यटनसँग सम्बन्धित गतिविधि संचालन गर्दा नगरपालिकाले तोके बमोजिमको व्यवस्थापन तथा सेवाशुल्क लिन सक्नेछ । व्यवस्थापन तथा सेवाशुल्क वापत प्राप्त हुने रकम दफा ८ वमोजिमको कोषमा जम्मा गरिनेछ ।

१०. सञ्चालन तथा व्यवस्थापनः (१) पर्यटन सूचना केन्द्रमा आवश्यक विद्युतीय, सञ्चारसँग सम्बन्धित उपकरणहरूको क्रमशः व्यवस्थापन गरिनेछ ।

(२) पर्यटन सूचना केन्द्रबाट पर्यटकहरूलाई सूचना प्रदान गर्ने वेबसाइट, मोबाइल एप्लिकेशन र विभिन्न सामाजिक सञ्जालको प्रयोग गरिनेछ, यसको व्यवस्थापन तथा होस्टिङ लगायतका काम नगरपालिकाबाट गरिनेछ

(३) पर्यटन सूचना केन्द्रमा श्रव्यदृश्य, सूचना बोर्ड, वृत्तचित्र, फोटो, भिडियो तथा अन्य प्रवर्द्धनात्मक सामाग्री व्यवस्था गरी नियमित अद्यावधिक गरिनेछ ।

(४) पर्यटन सूचना केन्द्रमा पर्यटन क्षेत्रको अध्ययन अनुसन्धानमा उपयोगी हुने पुस्तकालय समेत व्यवस्था गर्दै लगिनेछ ।

११. सेवा प्रवाहको व्यवस्थाः पर्यटन सूचना केन्द्रबाट देहाय बमोजिमका सेवाहरू प्रदान गरिनेछः

(क) नगरपालिका भित्रको पर्यटकीय, ऐतिहासिक, धार्मिक स्थलको जानकारी,

(ख) पदमार्ग रुट सम्बन्धी जानकारी,

(ग) मौसम सम्बन्धी जानकारी,

(घ) ट्रेकिङ्ग गाइड सम्बन्धी जानकारी,

(ङ) संरक्षण क्षेत्रभित्र पालना गर्नु पर्ने नियम सम्वन्धी जानकारी,

(च) इमेल इन्टरनेटमा पहुँच,

(छ) जैविक विविधता र संस्कृतिको अध्ययन अनुसन्धान सम्बन्धी सूचनाको जानकारी,

(ज) जलवायु परिवर्तन तथा पानीको संरक्षण सम्बन्धी खोज अनुसन्धान सम्बन्धी सूचनाको जानकारी,

(झ) पर्यटन र प्रविधिको संयोजन सम्बन्धी जानकारी,

(ञ) आकस्मिक उद्दार एवं आकस्मिक उपचारको लागि समन्वय,

(ट) हराएका/भेटिएका सामानको सूचना।

१२. जनशक्ति सम्वन्धी व्यवस्थाः (१) पर्यटन सूचना केन्द्र संचालनका लागि देहाय वमोजिमका जनशक्तिहरू रहनेछन्

(क) कर्मचारी १ जना

(ख) सहयोगी १ जना

(२) कर्मचारी ब्यवस्था गर्दा स्थानीय भाषा, संस्कृति, भूगोल र अंग्रेजी भाषामा दख्खल भएको कर्मचारी ब्यवस्था गर्न पहल गरिनेछ ।

(३) उपदफा (१) बमोजिमका जनशक्तिको साथै अन्य साझेदार संस्था मार्फत इन्टर्नसीप, स्वयं सेवकको रूपमा प्राप्त जनशक्तिलाई समेत पर्यटन सूचना केन्द्रको काममा लगाउन सकिनेछ ।

(५) उपदफा (१) वमोजिमका जनशक्तिले प्राप्त गर्ने सेवा सुविधा नगरपालिकाको निर्णय वमोजिम हुनेछ ।

१३. कर्मचारीको काम, कर्तब्य र अधिकारः पर्यटन सूचना केन्द्रका कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) केन्द्रमा आउने आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आवश्यक सूचना, सहयोग र सल्लाह उपलब्ध गराउने,

(ख) कार्ययोजनाको उद्देश्य परिपुर्ती गर्ने कार्यमा सहयोग गर्न,

(ग) सूचना केन्द्रको लागि आवश्यक श्रव्यदृष्य, फोटो, भिडियो उत्पादन एवं संकलन गरी प्रदर्शन गर्न व्यवस्था मिलाउने,

(घ) पर्यटन प्रवर्द्धन सम्वन्धी गतिविधि संचालन गर्ने,

(ङ) पर्यटन सम्वन्धित सरोकारवालाहरूसँग आवश्यक समन्वय गर्ने,

(च) पर्यटन सूचना केन्द्रको सम्पत्ति संरक्षण एवम् व्यवस्थापन गर्ने ।

१४. समन्वय र सहजिकरण गर्नेः पर्यटन सूचना केन्द्रले अन्य निकाय तथा संस्थासँग समन्वय गर्दा नगरपालिका मार्फत गर्नु पर्नेछ ।

१५. परामर्श लिन सक्नेः पर्यटन सूचना केन्द्रले यसको संचालनको लागि पर्यटनसँग सम्वन्धित वाह्य विज्ञहरूसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

१६. गुनासो व्यवस्थापनः पर्यटन सूचना केन्द्रको सेवा र गतिविधि गुनासो र उजुरी सुनुवाई कार्यालयको गुनासो सुन्ने अधिकारी मार्फत गर्नुपर्नेछ ।

१७. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्थाः पर्यटन सूचना केन्द्र र यसवाट संचालित गतिविधिहरूको अनुगमन अनुगमन तथा सुपरिवेक्षण समितिवाट हुनेछ ।

१८. अधिकार प्रत्यायोजन गर्न सक्नेः समितिले यस कार्यविधि वमोजिम आफुलाई प्राप्त अधिकार अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१९. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा लेखिए जति कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत